Series : S7PQR

SET ~ 4

रोल नं.

Roll No.

प्रश्न-पत्र कोड

Q.P. Code **24/7**

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें।

Candidates must write the Q.P. Code on the title page of the answer-book.

नेपाली

NEPALI

*निर्धारित समय : **3** घण्टे* — *अधिकतम अंक : **80***

*Time allowed : **3** hours* — *Maximum Marks : **80***

(I) कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ **11** हैं।
Please check that this question paper contains **11** printed pages.

(II) प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए प्रश्न-पत्र कोड को परीक्षार्थी उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें।
Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.

(III) कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में **18** प्रश्न हैं।
Please check that this question paper contains **18** questions.

(IV) **कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, उत्तर-पुस्तिका में यथा स्थान पर प्रश्न का क्रमांक अवश्य लिखें।**
Please write down the Serial Number of the question in the answer-book at the given place before attempting it.

(V) इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है। प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा। 10.15 बजे से 10.30 बजे तक परीक्षार्थी केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे।
15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the candidates will read the question paper only and will not write any answer on the answer-book during this period.

[ ]

General Instructions :

(i) *Question paper is divided into **2** parts.*

(ii) *It has total **18** questions.*

(iii) ***Part One** : **2** questions no. **1** to **2**.*

(iv) ***Part Two** : **16** questions no. **3** to **18**.*

Attempt questions as per specific instructions.

Write question no. in answer book before attempting it.

सामान्य निर्देश :

(i) *यो प्रश्न-पत्र दुई भागमा विभाजन गरिएको छ ।*

(ii) *यसमा जम्मा **18** वटा प्रश्नहरू छन् ।*

(iii) *भाग एकमा **(1)** प्रश्नसंख्या एक **(1)** देखि प्रश्नसंख्या दुई **(2)** सम्म ।*

(iv) *भाग दुईमा **(2)** प्रश्नसंख्या तीन **(3)** देखि प्रश्नसंख्या अठारह **(18)** सम्म ।*

निर्देशन अनुसार प्रश्नका उत्तर दिनुपर्नेहुन्छ ।

प्रश्नसंख्या उत्तरपुस्तिकामा लेख्न अनिवार्य छ ।

भाग एक

वस्तुपरक प्रश्नहरू (छन्द-अलङ्कार)

1. निम्नलिखित बहुवैकल्पिक प्रश्नका सही विकल्प चुनेर लेख्नुहोस्। *12×1=12*

(i) यति, गति र लय मिलेको वर्ण, मात्रा आदिको गणनाअनुसार पद्यात्मक रचना गरिने कुनै निश्चित मान वा रूपलाई _____ भनिन्छ।

(A) छन्द।

(B) अलङ्कार।

(C) यति।

(D) गति।

(ii) छन्दशास्त्रका प्रवर्तक को हुन् ?

(A) आचार्य भरतमुनि।

(B) आचार्य पिङ्गल।

(C) आचार्य भामह।

(D) आचार्य भानुभक्त।

(iii) लघु स्वरवर्णहरू: _____।

(A) आ, ई, ऊ, ए।

(B) क, ख, ग, घ।

(C) अ, इ, उ, ऋ।

(D) क, का, अ, आ।

(iv) छन्दमा रचना गरिएको कविता पाठ गर्दा लयमा माधुर्य ल्याउन स्वर रोकिनुलाई _____ भनिन्छ।

(A) गति।

(B) प्रवाह।

(C) आवृत्ति।

(D) यति।

(v) चारवटा सगण हुने छन्दको नाम के हो ?

(A) मात्रिक छन्द ।

(B) तोटक छन्द ।

(C) शिखरिणी छन्द ।

(D) वार्णिक छन्द ।

(vi) यगण र मगणको गणचिह्न क्रमश: _____ हुन्छ ।

(A) ।ऽऽ ऽऽऽ ।

(B) ऽऽऽ ।।ऽ ।

(C) ।।ऽ ।।। ।

(D) ।।। ऽऽऽ ।

(vii) अलङ्कार शब्दको व्युत्पत्ति कसरी भएको छ ?

(A) अलम् + कार ।

(B) अलङ्का + र ।

(C) अलम् + कृ + घञ् ।

(D) अ + लङ्कार ।

(viii) एउटै शब्द वा वाक्यमा दुई वा दुईभन्दा बढ्ता अर्थ लुकेको भए _____ हुन्छ ।

(A) अर्थ अलङ्कार ।

(B) उपमा अलङ्कार ।

(C) उभय अलङ्कार ।

(D) श्लेष अलङ्कार ।

(ix) अर्थको चमत्कारद्वारा काव्यको सौन्दर्य बढ़ाउने अलङ्कारको नाम के हो ?

(A) अतिशयोक्ति अलङ्कार ।

(B) विशेष अलङ्कार ।

(C) अर्थ अलङ्कार ।

(D) शब्द अलङ्कार ।

(x) "मुख चन्द्रमा जस्तै राम्रो छ ।" यहाँ 'राम्रो' पद के हो ?

(A) साधारण धर्म ।

(B) उपमेय ।

(C) उपमान ।

(D) सादृश्यवाचक पद ।

(xi) अलङ्कार काव्यको _____ हो ।

(A) अलङ्कार ।

(B) कविता ।

(C) गहना ।

(D) भावना ।

(xii) उपमा अलङ्कारसँग मिल्ने उदाहरण: _____ ।

(A) म पुस्तक पढ्दैछु ।

(B) कमल, कमल र कमल ।

(C) अब चिन्तामात्रै गर्ने कि डाक्टर पनि देखाउने ?

(D) कमल झैं कोमल मुख ।

2. निम्नलिखित काव्यांश पढ़ेर सोधिएका बहुवैकल्पिक प्रश्नका सही विकल्प चुनेर लेख्नुहोस् । *8×1=8*

सारा वन बगैंचामा सजायेको छ आसन ।
ऋतुराज उतैबाट गर्छ त्यो शुभशासन ।।
दिव्य आनन्दको रङ्ग, दिव्यकान्ति तरङ्ग छ ।
दिव्य उन्नतिको ढङ्ग, दिव्य सारा प्रसङ्ग छ ।।
त्यो दिव्य रङ्ग पायेका लतावृक्ष वनस्पति ।
देखिन्छन् योग्य नेताका रैती झैं उन्नताऽऽकृति ।।
सानातिना सबैमाथि फैलियेको छ गौरव ।
योग्यको आड़ पायेको बिग्रला को कहाँ कब ?।।
पर्दा वसन्तको दिव्य प्रभाव पृथिवी सब ।
विवेक ज्योतिले शुद्ध विद्यातुल्य बनिन् अब ।।
हजारौँमुख भै निस्के लतावृक्षाऽऽदि हालमा ।
लयाऽवस्था बितायेका जीव झैं सृष्टिकालमा ।।
आँकुरा, पिपिरा, साना, काइना, चिउला, टुसा ।
निस्के झपक्क सर्वत्र साह्रै कलकलाउँदा ।।
समाते सूर्यले फेरि उत्तराऽऽकाशको गति ।
प्रतापीको सदाकाल किन हुन्थ्यो अधोगति ?।।
दिनमा दीर्घता आयो रातले लघुता लियो ।
ऋतुराजत्वको सच्चा योग्यता स्पष्ट देखियो ।।
दीपका बीचमा मैला धूवाँ झैं गुप्त भैकन ।
अलिअलि चढ़ेको छ दिनमा धमिलोपन ।।
जुन जीवनको भाग रातको दिनमा सर्यो ।
उसैले दिनको कान्ति पक्का केही फिका गर्यो ।।
ऋतुनायकले घाम मन्दै गर्ने लिई सुर ।
तुवाँलोको मिही पर्दा लगायो कि सबैतिर ।।
अलिअलि तुवाँलोले छोपियेका दिगङ्गना ।

देखिन्छन् प्रमदातुल्य लज्जाले विनताऽऽनन ।।
पृथिवी छन् शुगारङ्गी पिपिराहरूले गरी ।
हरियो रेशमी सारी लायेकी प्रमदासरी ।।
वनमा वागमा राम्रा पुष्प लाखौँ थरी फुले ।
कुसुमाऽऽकर यो नाम सार्थ पार्यो वसन्तले ।।
आफनू शिल्पसौन्दर्य महिमाको प्रदर्शिनी ।
खोलिन् प्रकृतिले लाखौँ फूलमा मनमोहिनी ।।
प्रत्येक पुष्पको रूप, रेखा, रङ्ग अनेक छ ।
तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ ।।

(i) दिव्य रंग पाएका लतावृक्ष वनस्पति कस्ता देखिन्छन् ?

(A) अयोग्य नेताका रैती जस्तै ।

(B) योग्य नेताका रैती जस्तै ।

(C) योग्य नेताका नेता जस्तै ।

(D) अयोग्य नेताका अयोग्य रैती जस्तै ।

(ii) आँकुरा, पिपिरा, साना, काइना वनस्पतिका कस्ता रूप हुन् ?

(A) कलिला ।

(B) सुकेका ।

(C) उराठिला ।

(D) पतझड़ ।

(iii) वसन्त ऋतुको आगमनपछि सूर्यले आकाशमा कुन गति समाते ?

(A) पूर्वाकाशको गति ।

(B) दक्षिणाकाशको गति ।

(C) पश्चिमाकाशको गति ।

(D) उत्तराकाशको गति ।

(iv) ऋतुनायकले तुवाँलोको मिही पर्दा किन लगाएको अनुमान गरिएको छ ?

(A) घाममा भएको विकिरण हटाउनको निम्ति ।

(B) पानी परोस् भन्ने इन्छा लिएर ।

(C) घामको तेजलाई मन्द गर्नको निम्ति ।

(D) घामको तातोपनलाई अझ बड़ाउनको निम्ति ।

(v) पृथ्वी केको कारणले हरियो रेशमी साड़ी लगाएको जस्तो देखिएको छ ?

(A) सुगाको कारणले गर्दा ।

(B) प्रमदाको कारणले ।

(C) वनका फूलहरूको कारणले ।

(D) पिपिराहरूले गर्दा ।

(vi) वसन्त ऋतुको अर्को नाम के हो ?

(A) कुसुम ।

(B) कसुमाकर ।

(C) कर ।

(D) आकर ।

(vii) 'तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ' । – यहाँ उनमा भनेर केलाई भनिएको छ ?

(A) फूल ।

(B) सूर्य ।

(C) रंग ।

(D) रूप ।

(viii) पृथ्वी शब्दको पर्यायवाची शब्दहरू _____ हुन् ।

(A) आकाश, धरणी ।

(B) सूर्य, चन्द्र ।

(C) धरणी, धर्ती ।

(D) फूल, बगैंचा ।

भाग दुई
वर्णनात्मक प्रश्नहरू

3. निम्नलिखित प्रश्नका संक्षेपमा उत्तर लेख्नुहोस् । *5×2=10*

(i) 'जुनेली रेखा' उपन्यासका उपन्यासकार को हुन् ?

(ii) हट्टाबाहर भन्नाले के बुझिन्छ ?

(iii) जसेसँग बड़ासाहेबलाई भेट्न को-को गएका थिए ? *1+1=2*

(iv) मालिनीले साहेबको पञ्जाबाट उम्किनुपर्छ भन्ने प्रेरणा केबाट पाई ?

(v) मालिनीले आफू हारेको र जसेले जितेको महसुस कतिबेला गरी ?

4. निम्नलिखित प्रश्नका उत्तर लेख्नुहोस् । *3×2=6*

(i) लेखनाथ पौड्यालका कुनै दुई कृतिका नाम लेख्नुहोस् ।

(ii) बालकृष्ण समको जन्म कहाँ र कहिले भएको थियो ? *1+1=2*

(iii) पारिजातको माता र पिताको नाम के हो ? *1+1=2*

निम्नलिखित प्रश्नका उत्तर लेख्नुहोस् ।

5. उज्यालीले 'म'पात्रलाई किन बोलाएकी थिई ? *2*

6. 'रूपको मूल्य' कथाका कथाकारको नाम लेख्दै मुख्य पात्रको नाम लेख्नुहोस् । *1+1=2*

7. सानी किन शिथिल र क्लान्त भएकी थिई ? *2*

8. (a) 'रूपको मूल्य' कथाको मूलभाव के हो ? *3*

अथवा

(b) 'उज्यालीको आँसु' कथामा 'म'पात्रले कसलाई मन पराएको कुरा छ र 'म'पात्रकी स्वास्नीको चेहरामा किन चिन्ताको रेखा दगुरेर आयो ? *1+2=3*

9. "लौ ! गाग्रीमा के लागेको छ र ? चित्त बुझ्दैन भने खोलामा माझेर पानी ल्याउनू भनेपछि त भइहाल्यो नि ।" $1\frac{1}{2}+1\frac{1}{2}=3$

- उक्त वाक्य कुन पाठबाट निकालिएको हो र यसका कथाकार को हुन् ?
- यो वाक्य कसले कसलाई भनेको हो ?

निम्नलिखित प्रश्नका उत्तर लेख्नुहोस् ।

10. लक्ष्मीप्रसाद देवकोटाले कसलाई आदर्श ठान्थे र किन ? *2*

11. सयपत्री फूल र नेपाली जीवनमा के समानता छ ? *2*

12. (a) देवकोटाले कस्तो नवयुग ल्याउन चाहन्थे ? *4*

अथवा

(b) विष्णुराम राईले किन अनुभवी पुरुषहरूप्रति कृतज्ञताको भावले शिर झुक्ने कुरा गरेका छन् ? *4*

निम्नलिखित प्रश्नका संक्षेपमा उत्तर लेख्नुहोस् ।

13. नाटकलाई परिभाषित गर्नुहोस् ? *2*

14. नाटकको सफलता र असफलताको बारेमा एरिष्टोटलको भनाइ के रहेको छ ? $1\frac{1}{2}+1\frac{1}{2}=3$

15. बन्दिनीले अन्तमा कसरी क्रान्ति गर्ने उद्घोष गरेकी छे ? *3*

16. निम्नलिखित प्रश्नका उत्तर लेख्नुहोस् । *3×2=6*

(i) भारोपेली भाषा परिवारका कुनै चार भाषाका नाम लेख्नुहोस् । *2*

(ii) कथा र उपन्यासमा रहेका कुनै दुई भिन्नता लेख्नुहोस् । *1+1=2*

(iii) 'रूपमती र भ्रमर'का उपन्यासकार को-को हुन् ? *1+1=2*

17. तल दिइएको **कुनै एक** विषयमा लगभग 150 शब्दभित्रको निबन्ध लेख्नुहोस्। *5*

- नेपाली भाषाको परिचय।
- कविशिरोमणि लेखनाथ पौड्याल।

18. (a) "विद्या नै सर्वश्रेष्ठ धन हो" भन्ने उक्तिलाई स्पष्ट बनाउँदै आफ्नी बहिनीलाई एउटा रोचक पत्र लेख्नुहोस्। *5*

अथवा

(b) हिजो आएको हावा हुन्डरीका कारण बिजुली नआएकाले यथाशीघ्र सुचारु व्यवस्था मिलाइदिने अनुरोधका साथ एउटा निवेदन पत्र जिल्लापालसमक्ष लेख्नुहोस्। *5*